# अध्याय ११: घुस नदिनुहोस्, भ्रष्टाचार रिपोर्ट गर्नुहोस्

## घुस नदिनुहोस्

हङकङमा घुसखोरी फौजदारी अपराध हो। सार्वजनिक क्षेत्रमा काम गर्ने वा निजी क्षेत्रको कम्पनीमा काम गर्ने कर्मचारीले आफ्नो अख्तियारको दुरुपयोगको लागि लाभ लिनु वा स्वीकार गर्नु घुसखोरी अपराध हो। घुस दिने पनि दोषी हो। घूसखोरी रोकथाम अध्यादेश (Prevention of Bribery Ordinance, PBO) अनुसार, लाभ भन्नाले उपहार, पुरस्कार, कमिशन, ऋण, कार्यस्थल, सेवा र अनुग्रह जस्ता मूल्यवान चीजहरूलाई बुझाउँछ। ***लाभ प्रस्ताव, अनुरोध वा स्वीकार गर्नको लागि अधिकतम जरिवाना सात वर्ष जेल र HK$ ५००,००० को जरिवाना हो।***

घूसखोरीका दुई उदाहरणहरू तल दिइएका छन्:

### <u>सरकारी सेवाको लागि आवेदन दिने</u>

एक बासिन्दाले सरकारी सेवाका लागि निवेदन दिएका छन्। सकेसम्म चाँडो सेवा प्राप्त गर्न उत्सुक उक्त बासिन्दाले प्रक्रियालाई छिटो बनाउन कुनै सरकारी अधिकारीलाई एक उपहार प्रस्ताव गर्छन्। यी बासिन्दाले PBO अन्तर्गत घूस प्रस्ताव गरेको अपराध गरेका छन् किनकि हङकङ सरकारले आफ्ना अधिकारीहरूलाई उपहार माग्न वा स्वीकार गर्न कुनै स्वीकृति दिइने छैन। यदि त्यस सरकारी अधिकारीले निवेदन प्रशोधन गर्न पुरस्कारको रूपमा उपहार स्वीकार गरेमा, उनले पनि घुसखोरी अपराध गर्नेछन्।

### <u>जागिर खोज्ने</u>

एक जागिर खोजिरहेका व्यक्तिले जागिर सुरक्षित गर्नको लागि कम्पनीको प्रबन्धकलाई HK$३,००० प्रस्ताव गर्दछन्। जागिर खोजिरहेका व्यक्ति PBO अन्तर्गत कसुरको लागि उत्तरदायी हुनेछन्, जबकि प्रबन्धकले पनि आफ्नो कम्पनीको अनुमति बिना कम्पनीको व्यवसायको सम्बन्धमा पैसा स्वीकार गरेमा कानूनको उल्लंघन हुनेछ।

## भ्रष्टाचार रिपोर्ट गर्नुहोस्

भ्रष्टाचारले अन्याय ल्याउँछ र हाम्रो दैनिक जीवनमा प्रतिकूल असर पार्छ। भ्रष्टाचार सहनु हुँदैन। यसलाई भ्रष्टाचार विरुद्धको स्वतन्त्र आयोग (Independent Commission Against Corruption, ICAC) लाई रिपोर्ट गर्नुहोस्।

- अंग्रेजी बाहेक अन्य भाषाहरूमा अनुवादन सेवा प्रदान गर्न सकिन्छ।
- तपाईंको पहिचान र प्रदान गरिएको जानकारी गोप्य राखिनेछ।
- रिपोर्टहरू दिन सकिन्छ निम्न माध्यमबाट:
    1) फोन द्वारा: **२५ २६६ ३६६** (२४ घण्टा हटलाइन)
    2) व्यक्तिगत रूपमा: ICAC रिपोर्ट केन्द्र (२४-घण्टे सेवा) वा कुनै पनि ICAC क्षेत्रीय कार्यालय
    3) पत्राचार द्वारा: GPO Box 1000, Hong Kong

**भ्रष्टाचार विरुद्धको स्वतन्त्र आयोग**

- ICAC हङकङको स्वतन्त्र र समर्पित भ्रष्टाचार विरोधी एजेन्सी हो। यसले प्रभावकारी कानून प्रवर्तन, रोकथाम, शिक्षा र अन्तर्राष्ट्रिय सहयोग मार्फत भ्रष्टाचार विरुद्ध लड्छ।



## ICAC रिपोर्ट केन्द्र र क्षेत्रीय कार्यालयहरू

| Centre/Regional Office | Address | Hotline | MTR Exit |
|---|---|---|---|
| ICAC<br>Report Centre<br>(24-hour) | G/F, 303 Java Road<br>North Point<br>Hong Kong | 25 266 366 | Quarry Bay<br>Station Exit C |
| Hong Kong East | Unit 3, G/F,<br>East Town Building<br>16 Fenwick Street<br>Wan Chai, Hong Kong | 2519 6555 | Wan Chai<br>Station Exit C |
| Hong Kong<br>West/Islands | G/F, Harbour<br>Commercial Building<br>124 Connaught Road<br>Central, Sheung Wan<br>Hong Kong | 2543 0000 | Sheung Wan<br>Station Exit C |
| Kowloon East/<br>Sai Kung | Shop No. 9, G/F<br>Chevalier Commercial<br>Centre, 8 Wang Hoi Road<br>Kowloon Bay, Kowloon | 2756 3300 | Kowloon Bay<br>Station<br>Exit A |
| Kowloon West | G/F, Nathan<br>Commercial Building<br>434-436 Nathan Road<br>Yau Ma Tei, Kowloon | 2780 8080 | Yau Ma Tei<br>Station Exit C |
| New Territories<br>East | G06-G13, G/F<br>Sha Tin<br>Government Offices<br>1 Sheung Wo Che Road<br>Sha Tin, NT | 2606 1144 | Sha Tin<br>Station<br>Exit A1/B |
| New Territories<br>North West | G/F, Fu Hing Building<br>230 Castle Peak Road<br>Yuen Long, NT | 2459 0459 | Long Ping<br>Station<br>Exit C |
| New Territories<br>South West | Shop B1, G/F<br>Tsuen Kam Centre<br>300-350 Castle Peak Road<br>Tsuen Wan, NT | 2493 7733 | Tsuen Wan<br>Station<br>Exit A3 |

*ICAC क्षेत्रीय कार्यालयहरू खुल्ने समय:*
*बिहान ९:०० बजे - साँझ ७:०० बजे, सोमबार देखि शुक्रबार*
*(शनिबार, आइतबार र सार्वजनिक बिदामा बन्द)*

अंग्रेजी र अन्य आठ भाषाहरूमा उपलब्ध विभिन्न जातिका मानिसहरूका लागि निर्मित ICAC विषयगत वेबपेजले दैनिक जीवनमा भ्रष्टाचारका समस्याहरूलाई चित्रण गर्ने र भ्रष्टाचार रिपोर्ट गर्ने च्यानलहरू प्रस्तुत गर्ने एनिमेसन भिडियोहरू समावेश गर्दछ।
https://www.icac.org.hk/icac/race eq/index.html

ICAC वेबसाइट: www.icac.org.hk